# राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मान कार्यविधि, २०८१

**प्रस्तावनाः** खेल पत्रकारितामार्फत नेपालको खेलकुद क्षेत्रको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याउने खेलकुद पत्रकारलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन बाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मान कार्यविधि, २०८१" रहेकोछ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "खेलकुद पत्रकार" भन्नाले छापा, रेडियो, एफ.एम., टेलिभिजन, अनलाइन, सञ्चार माध्यम र समाचार समितिबाट खेलकुदका क्षेत्रमा पत्रकारिता गर्ने व्यक्ति सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ।

(ग) "राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार" भन्नाले मन्त्रालयबाट सबै प्रदेशको प्रतिनिधित्व हुने गरी खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका खेलकुद पत्रकारलाई प्रदान गरिने प्रोत्साहन पुरस्कार सम्झनुपर्छ।

(घ) "राष्ट्रिय खेलकुद पत्रकारिता सम्मान" भन्नाले मन्त्रालयबाट खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका अनुभवी खेलकुद पत्रकारलाई प्रदान गरिने सम्मान सम्झनुपर्छ।

(ङ) "सचिवालय" भन्नाले राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मान सिफारिस समितिको सचिवालय सम्झनुपर्छ।

(च) "सञ्चार माध्यम" भन्नाले नेपालमा रहेका प्रचलित छापामाध्यम, रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यम र समाचार समिति समेतलाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानका लागि गठन भएको सिफारिस समितिलाई सम्झनुपर्छ।

## परिच्छेद- २

## सिफारिससम्बन्धी व्यवस्था

३. **राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मान सिफारिस समितिः** (१) राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख, खेलकुद विकास महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) अधिकृत प्रतिनिधि (मिडियासँग सम्बन्धित), राष्ट्रिय खेलकुद परिषद् | -सदस्य |
| (ग) प्रतिनिधि, प्रेस काउन्सिल नेपाल | -सदस्य |
| (घ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ | -सदस्य |
| (ङ) प्रतिनिधि, नेपाल खेलकुद पत्रकार मञ्च | -सदस्य |
| (च) शाखा प्रमुख, खेलकुद प्रवर्द्धन शाखा | -सदस्य |
| (छ) शाखा अधिकृत, खेलकुद प्रवर्द्धन शाखा | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जनालाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४. **राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानका क्षेत्र :** दफा ३ को उपदफा (१) बमोजिम समितिले देहायका क्षेत्रमा प्रोत्साहन पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्नेछ।

(क) छापा (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र अन्य पत्रपत्रिका)

(ख) श्रव्य (रेडियो, एफ.एम.)

(ग) श्रव्यदृश्य (टेलिभिजन)

(घ) अनलाइन सञ्चार माध्यम।

तर, एउटै सञ्चार गृहमा आवद्ध पत्रकारिताका विभिन्न माध्यमलाई एउटै क्षेत्र मानिनेछ।

५. **आवेदनसम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानका लागि मन्त्रालयको वेबसाइट www.moys.gov.np मा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।सो सूचनाको जानकारी राष्ट्रिय खेलकुद परिषद्, प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघ समेतलाई पठाउनुपर्नेछ ।

(२) राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि अनुसूची-१ र राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानका लागि अनुसूची-२ बमोजिमको ढाँचामा व्यक्ति स्वयम्ले आवेदन दिनुपर्नेछ।

(३) राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानका लागि मन्त्रालयबाट यस पूर्व यस

प्रकारको पुरस्कारले पुरस्कृत नभएको व्यक्तिले मात्र आवेदन दिन सक्नेछ तर राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार प्राप्त गरेको व्यक्तिले राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानका लागि आवेदन दिनसक्नेछ।

६. <u>राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानको सिफारिस प्रक्रियाः</u>

(१) समितिको सचिवालयको काम मन्त्रालयको खेलकुद प्रवर्द्धन शाखाले गर्नेछ।

(२) मन्त्रालयबाट सार्वजनिक सूचना प्रकाशन भएपछि आवेदकले राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि अनुसूची-१ र राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानका लागि अनूसूची-२ बमोजिमको ढाँचामा अनुसूची-३ मा उल्लेख भए बमोजिम अघिल्लो आर्थिक वर्षदेखि सूचना प्रकाशन भएको मितिसम्म प्रकाशित वा प्रसारित कम्तिमा १२ वटा समाचारका विद्युतीय वा मुद्रित प्रति समेत संलग्न गरी मन्त्रालयमा आवेदन दिनुपर्नेछ।

तर राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार वा राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानका लागि एक आर्थिक वर्षमा कुनै एक विधामा मात्र आवेदन गर्न सकिनेछ।

(३) समितिले प्राप्त आवेदनहरुलाई दफा ७ को उपदफा (२) बमोजिम अनुसूची-४ मा उल्लेख भएका मापदण्डका आधारमा मूल्याङ्कन गरी राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि सातवटै प्रदेशबाट १/१ जनाका दरले ७ जना, समावेशी तर्फ महिला, दलित, मधेशी, थारू र मुस्लिम समुदायबाट १/१ जना गरी ५ जना र राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानका लागि अनुभव प्राप्त खेलकुद पत्रकार १ जना गरी कुल जम्मा १३ जना खेलकुद पत्रकारको नाम सिफारिस गर्नेछ।

तर पर्याप्त आवेदन प्राप्त नभई उल्लिखित संख्यामा सिफारिस गर्न नसकिएमा उपलब्ध संख्यामा मात्र नाम सिफारिस गरिनेछ।

(४) यस कार्यविधिमा उल्लेख भए बाहेक सिफारिससम्बन्धी अन्य प्रक्रिया समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(५) मन्त्रालयबाट निर्णय भएका खेलकुद पत्रकारको नामावलीका सम्बन्धमा सरोकारवालाले सात दिनभित्र उजुरी गर्न सकिने गरी मन्त्रालयको वेबसाइटमा सार्वजानिक सूचना प्रकाशन गरिनेछ।

(६) उपदफा (५) बमोजिम उजुरी परेमा मन्त्रालयले उजुरी उपर छानबिन गरी आवश्यक निर्णय गर्नेछ।

७. <u>राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानका लागि छनौटका आधारः</u> (१) राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानको लागि सिफारिस गर्दा देहाय बमोजिमका विषयलाई प्रमुख आधारका रुपमा लिइनेछ।

(क) खेलकुदको विकास र विस्तारमा पुऱ्याएको योगदान,

(ख) खेलकुदका क्षेत्रमा खोज तथा अनुसन्धान,

(ग) खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवम् क्रियाशीलता,

(घ) कार्यरत पत्रकारिताको क्षेत्र (छापा, रेडियो, एफ.एम, टेलिभिजन र अनलाइन सञ्चारमाध्यम),

(ङ) समाचारको स्तर, सिर्जनशीलता र तटस्थता,

(च) सम्पादित कार्य,

(छ) समाचारको प्रकार,

(ज) शैक्षिक योग्यता।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कनका आधार अनुसूची-४ बमोजिम हुनेछ ।

## परिच्छेद-३
## विविध

८. **पुरस्कार रकमः** (१) प्रत्येक आर्थिक वर्षमा मन्त्रालयले १२ जना खेलकुद पत्रकारलाई जनही रु. २५,०००।- (अक्षेरेपि पच्चिस हजार रुपियाँ) का दरले नगद पुरस्कार तथा प्रमाणपत्र सहित राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार र १ जना खेलकुद पत्रकारलाई रु. ५०,०००।- (अक्षेरेपि पचास हजार रुपियाँ) नगद पुरस्कार तथा सम्मानपत्र सहित राष्ट्रिय खेलकुद पत्रकारिता सम्मान प्रदान गर्नेछ ।

(२) मन्त्रालयले कार्यक्रमको आयोजना गरी उपदफा (१) बमोजिमको पुरस्कार तथा सम्मानपत्र प्रदान गर्नेछ ।

(३) प्रदेशगत रुपमा र समावेशी प्रतिनिधित्व गरी पुरस्कार तथा सम्मान कार्यक्रममा आउने पत्रकारलाई यस कार्यक्रममा विनियोजित रकमको उपलव्धताको आधारमा मन्त्रालयबाट गरिएको निर्णय बमोजिम भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ।

९. **बजेट व्यवस्था:** यस कार्यविधि बमोजिम राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानका लागि आवश्यक रकमको व्यवस्था मन्त्रालयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमबाट हुनेछ।

१०. **पुरस्कार तथा सम्मानको प्रमाणपत्रः** राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानकोप्रमाणपत्र मन्त्रालयबाट तोकिएको ढाँचामा हुनेछ।

११. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

१२. **खारेजी तथा बचाउः** (१) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७६ अनुसार भए गरेका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

**अनुसूची-१**
**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**
**राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि मन्त्रालयमा दिइने आवेदनको ढाँचा**

| फोटो |
|---|

श्रीमान् सचिवज्यू, मितिः
युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

**विषयः राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारद्वारा सम्मानित गरी पाऊँ।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मितिः.........................मा प्रकाशित सार्वजनिक सूचना अनुसार राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारबाट सम्मानित गरी पाऊँ भनी तपशिल बमोजिमका विवरण र अनुसूची-३ बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु।

१. नाम,थरः................................................
२. ठेगानाः
(क) स्थायी ठेगानाः
प्रदेशः ................ जिल्लाः ..................गा.पा./न.पा/उम.न.पा./म.न.पा : .................................वडा नं.: ........
(ख) अस्थायी ठेगानाः (हालको ठेगाना)
प्रदेशः ......................जिल्लाः ........................गा.पा./न.पा/उप.म.न.पा/म.न.पा.:.................... वडा नं.: ........
३. सम्पर्क नं: मोबाइल नं: ............................... इमेल ठेगानाः .............................................
४. लिङ्गः पुरुष/महिला/तेश्रो लिङ्गी/अन्य
५. जन्म मिति (विसं.) : ................................ (इ.सं.): ................................
६. (क) नेपाली नागरिकताको प्रमाण-पत्रको नं.: ................................जारी भएको मिति र जिल्लाः .......................
(ख) राष्ट्रिय परिचयपत्रको नं: ......................................
(ग) पत्रकार परिचय पत्र नं.: ..................... परिचय पत्र जारी गरेको निकायः .................................
(घ) स्थायी लेखा नम्बरः ....................................
७. शैक्षिक योग्यता: ............................................
८. प्रदेशगत प्रतिनिधित्व भए कार्य क्षेत्रः ............. प्रदेश
९. समावेशी प्रतिनिधित्व भए कुनै एकमा चिन्ह(√) लगाउनेः महिला ☐ दलित ☐ मधेशी ☐ थारू ☐ मुस्लिम ☐
१०. बाबुको नाम थरः................................
११. आमाको नाम थरः...............................
१२. थप विवरण भए उल्लेख गर्नेः ................................

प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघबाट कुनै कारबाहीमा नपरेको, कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको र सरकारी पेश्की बेरुजु नरहेको स्वघोषणा गर्दछु ।
माथि उल्लेख गरेको विवरण ठिक साँचो हो। झुठो ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

| **औंठा छाप** | |
|---|---|
| **दायाँ** | **बायाँ** |

**आवेदकको**
हस्ताक्षरः
नाम थरः

**अनुसूची-२**

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**

**राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानका लागि मन्त्रालयमा दिइने आवेदनको ढाँचा**

फोटो

श्रीमान् सचिवज्यू, मितिः

युवा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाण्डौ।

**विषयः राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानद्वारा सम्मानित गरी पाऊँ।**

महोदय,

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति ..........................मा प्रकाशित सार्वजनिक सूचना अनुसार राष्ट्रिय खेलकुद पत्रकारिता सम्मानबाट सम्मानित गरी पाऊँ भनी तपशिल बमोजिमका विवरण र अनुसूची-३ बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु।

१. नाम, थरः...............................................

२. ठेगानाः

(क) स्थायी ठेगानाः

प्रदेशः ............... जिल्लाः .................गा.पा./न.पा/उम.न.पा./म.न.पा : ..............................वडा नं.:..............

(ख) अस्थायी ठेगानाः (हालको ठेगाना)

प्रदेशः.................जिल्लाः......................गा.पा./न.पा/उप.म.न.पा/म.न.पाः.............................. वडा नं.: ..............

३. सम्पर्क नं : मोबाइल नं.................................. इमेल ठेगाना : .............................................

४. लिङ्गः पुरुष/महिला/तेश्रो लिङ्गी/अन्य

५.जन्म मिति (विसं.)ः ................................ (इ.सं.)ः ................................

६. (क) नेपाली नागरिकताको प्रमाण-पत्रको नं.: ................................जारी भएको जिल्ला र मितिः ............................

(ख) राष्ट्रिय परिचयपत्र नंः ........................................

(ग) पत्रकार परिचय पत्र नं.: .................... परिचय पत्र जारी गरेको निकायः .................................

(घ) स्थायी लेखा नम्बरः ....................................

७. शैक्षिक योग्यताः ............................

८. बाबुको नाम थरः................................

९. आमाको नाम थरः...........................

१०.थप विवरण भए उल्लेख गर्नेः ................................

प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघबाट कुनै कारबाहीमा नपरेको, कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको र सरकारी पेश्की बेरुजु नरहेको स्वघोषणा गर्दछु ।

माथि उल्लेख गरेको विवरण ठिक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

| **औंठा छाप** | |
|---|---|
| **दायाँ** | **बाँया** |

**आवेदकको**

हस्ताक्षरः

नाम थरः

## अनुसूची-३

### (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

### आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि (ऐच्छिक),

(ग) पत्रकार परिचयपत्रको प्रमाणित प्रतिलिपी,

(घ) उच्चतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) खेलकुदको विकास र विस्तारमा पुऱ्याएको योगदान खुल्ने विद्युतीय वा मुद्रित प्रति,

(च) खेलकुद क्षेत्रमा खोज तथा अनुसन्धान सम्वन्धी विद्युतीय वा मुद्रित प्रति,

(छ) खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवं क्रियाशीलता सहित अनुभव खुल्ने सम्बन्धित निकायको प्रमाणित कागजात,

(ज) खेलकुद गतिविधिहरुको प्रकाशित वा प्रशारित विद्युतीय वा मुद्रित प्रति,

(झ) समावेशीतर्फ दलित, मधेशी, थारु र मुस्लिम समुदायबाट आवेदन गरेको भए सो पहिचान खुल्ने आधिकारिक निकायको प्रमाणित प्रति ।

**नोट : (अघिल्लो आर्थिक वर्षदेखि सूचना प्रकाशन भएको मितिसम्म प्रकाशित वा प्रसारित कम्तिमा १२ वटा समाचारका विद्युतीय वा मुद्रित प्रति)**

**अनुसूची- ४**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार तथा सम्मानको लागि मूल्याङ्कनका आधार**

| क्र.सं. | मूल्याङ्कनका विषयवस्तु | जम्मा अङ्क | मूल्याङ्कनको आधार र विस्तृतिकरण |
|---|---|---|---|
| १ | खेलकुदको विकास र विस्तारमा पुऱ्याएको योगदान | १५ | खेलकुदमा प्रविधिको प्रयोगसम्बन्धी विषयवस्तु - ३ अङ्क (खेलकुद संस्था तथा प्रतियोगितामा प्रविधिको प्रयोग सम्बन्धी समाचार भएमा बढीमा ३ अङ्क)<br>खेल सुशासनसम्बन्धी समाचार -३ अङ्क (खेलकुद गतिविधि तथा खेल संघ वा खेलकुद संस्थाका क्रियाकलापमा सुशासन सम्बन्धी विषय समेटिएको समाचार भएमा बढीमा ३ अङ्क)<br>ग्रामीण/दुर्गम क्षेत्रका समाचार -३ अङ्क (ग्रामीण/दुर्गम खेल क्षेत्रका समाचार तथा गतिविधि भएमा बढीमा ३ अङ्क)<br>परम्परागत खेलकुद सम्बन्धी समाचार- ३ अङ्क (परम्परागत खेलकुदको संरक्षण, विकास तथा गतिविधिका समाचार भएमा बढीमा ३ अङ्क)<br>साहसिक/पर्यटकीय/पर्यावरणीय सम्बन्धी समाचार- ३ अङ्क (खेलकुदको माध्यमबाट पर्यटन क्षेत्रको विकास, साहसिक खेलको विकास र विस्तार, पर्वतीय खेल तथा अल्ट्रा खेलकुदको विकास विस्तार सम्बन्धी गतिविधिको कुनै एक समाचार भएमा बढीमा ३ अङ्क) |
| २ | खेलकुद क्षेत्रमा खोज तथा अनुसन्धान | १० | खेलकुदको क्षेत्रमा खोज समाचार - ५ अङ्क (खेलकुदका विषयवस्तुमा केन्द्रित खोज समाचार, दुर्गम क्षेत्रको गतिविधि, खेलकुद संस्थाले गरेको गतिविधि तथा सार्वजनिक नभएका विषयवस्तुको खोज सम्बन्धी समाचार भएमा बढीमा ५ अङ्क)<br>अनुसन्धानमूलक कार्य सम्पादन - ५ अङ्क (खेलकुदसँग सरोकार राख्ने विषयवस्तु र गतिविधिहरुले भविष्यमा पार्ने असर र प्रभाव जस्ता विषयमा अनुसन्धानात्मक समाचार भएमा बढीमा ५ अङ्क) |

| | | | |
|---|---|---|---|
| ३ | खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवम् क्रियाशीलताको अनुभव | २० | निरन्तरताका लागि प्रति वर्ष २ अङ्क का दरले बढीमा -१० अङ्क (पत्रकारिता सुरु गर्दाको मिति खुलेको प्रमाणित प्रमाणपत्र)<br>क्रियाशिलता/सक्रियता -१० अङ्क (धेरै खेल विधाका समाचार, केन्द्र तथा मोफसलका समाचार, फरक दृष्टिकोणबाट तयार गरिएको समाचार भएमा क्रियाशिलता/सक्रियताका आधारमा बढीमा १० अङ्क) |
| ४ | कार्यरत पत्रकारिताको क्षेत्र (छापा, रेडियो, एफ.एम, टेलिभिजन र अनलाइन सञ्चार माध्यम) | १० | प्रति क्षेत्रका लागि २.५ अङ्कका दरले बढीमा -१० अङ्क |
| ५ | समाचारको स्तर, सिर्जनशीलता र तटस्थता | १५ | समाचारको स्तर - ५ अङ्क (खेलकुद गतिविधिको समाचार तयार गर्दा स्थानीय, प्रदेश वा केन्द्र सबै क्षेत्र, धेरै विधाका समाचार भएमा समाचारको स्तर अनुसार बढीमा ५ अङ्क)<br>सिर्जनशीलता- ५ अङ्क (अरुले नदेखेका र तयार नगरेका समाचार र विषयवस्तुलाई नयाँ दृष्टिकोणबाट तयार गरेको समाचार भएमा बढीमा ५ अङ्क)<br>तटस्थता - ५ अङ्क (निस्पक्ष र तटस्थ रुपले तयार गरेको समाचार भएमा बढीमा ५ अङ्क) |
| ६ | सम्पादित कार्य | १२ | भाषा शैली - ४ अङ्क (छोटा वाक्य र सरल भाषामा तयार गरेको समाचार भएमा बढीमा ४ अङ्क)<br>प्रस्तुति- ४ अङ्क (रेडियो तथा टेलिभिजनमा प्रस्तोताको हाउभाउ, बोलीमा प्रष्टता, ढृदता, हसिलो मुहार तथा लेखाइमा स्पष्टता भएको समाचार भएमा बढीमा ४ अङ्क)<br>गुणस्तरीयता - ४ अङ्क (समाचारको लेखाइमा शुद्धता, प्रष्टता र उत्कृष्ट फिनिसिङ भएको समाचार भएमा बढीमा ४ अङ्क) |
| ७ | समाचारको प्रकार | १२ | सामान्य समाचार - १ अङ्क (प्रथम चरणको जानकारी मूलक समाचार भएमा)<br>वाइलाइन सहितको समाचार - २ अङ्क (रिपोर्टरको नाम सहितको समाचार भएमा) |

| | | | |
|---|---|---|---|
| | | | तस्विर सहितको समाचार - २ अङ्क (समाचारसँग सम्बन्धित फोटो वा भिडियो सहितको समाचार प्रकाशन भएमा)<br>फिचर -४ अङ्क (कुनै घटना विशेषलाई रोचक/मार्मिक/पठनीय तथा आकर्षक भाषा शैलीमा लेखिएको वा कुनै विषय वा घटनाको सम्बन्धमा खोजी गरी प्रकाशन गरिएको समाचार भएमा)<br>सम्बन्धित अन्तरवार्ता -३ अङ्क (समाचारलाई थप विश्वासनीय बनाउन समाचारकै बिचमा सम्बन्धित पक्षका व्यक्तिसँग अन्तरवार्ताको माध्यमबाट गरिएको कुराकानीमा व्यक्तिको नाम सहित प्रकाशित समाचार भएमा) |
| ८ | शैक्षिक योग्यता | ६ | प्रमाणपत्र तह - २ अङ्क<br>स्नातक तह - ४ अङ्क<br>स्नातकोत्तर तह - ६ अङ्क |
| जम्मा | | १०० | |